छत्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

प्रदेश नं.५, नेपाल ।

## रंगीन जस्ता पाता खरिद कार्य सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/१४

यस छत्रकोट गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम र प्रदेश सरकार, प्रदेश नं. ५ को समपूरक अनुदानमा सम्पन्न हुने खरको छाना विस्थापन कार्यक्रमको लागि नेपाल गुणस्तर चिन्ह प्राप्त र स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका रंगीन जस्ता पाता खरिद कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इजाजतपत्र प्राप्त कम्पनी, फर्म तथा सप्लायर्सहरुबाट शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित मितिले ३०(तीस) दिनभित्र यस कार्यालयबाट बोलपत्र दस्तुर (फिर्ता नहुनेगरी) बुझाई आ.व. २०७५/७६ को लागि नवीकरण गरेको इजाजत पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाणपत्र र आ.व. ०७४/७५ सम्म कर तिरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कार्यालय समयमा शिलबन्दी बोलपत्र खरिद गर्न सकिने छ ।

२. निर्माता कम्पनीहरु बाहेक अन्य इजाजत प्राप्त फर्म/सप्लायर्सहरुको हकमा निर्माताबाट विक्रीको लागि जारी गरिएको आधिकारीक पत्र (Manufacturer's Authorization Letter) को सक्कलै प्रति अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३. जमानत बापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक तम्घासमा रहेको कार्यालयको धरौटी खाता नं.३०१०३०३००७१०५ मा जम्मा गरेको सक्कल भौचर वा "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र खोलिने दिनले कम्तिमा १२० दिनको म्याद भएको बोलपत्र जमानत संलग्न गरी यो सूचना प्रकासित भएको मितिले ३१औं दिन दिनको १२.०० बजेसम्म शिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गर्नुपर्ने छ ।

४. बोलपत्रको खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्का नं. र कामको विवरण लेखुपर्नेछ । दर्ता भएका बोलपत्र सोही दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्रको सबै पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ ।मुल्य अङ्कित परिमाण सूचीको दररेट महलको अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन क्रमशः ती कार्यहरु गरिनेछ । म्यादभित्र दर्ता नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

९. यस बाहेक अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र छत्रकोट गाउँ कार्यपालिकाको कार्यालय, चोयगा गुल्मीमा सम्पर्क गर्न सकिनेछ वा कार्यालयको वेभसाइट www.chhatrakotmun.gov.np, ९८५७०६७९०८, ९८५७०७२४९१ मा सम्पर्क गर्न सकिनेछ ।

<u>कार्य विवरण</u>

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र फारमको मूल्य रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १ | CRM/Gul/G/NCB-06/075-76 | छत्रकोट गाउँपालिकामा रंगीन जस्ता पाता आपूर्ति गर्ने कार्य | ३०००.०० | १२५०००.०० |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत